**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**Date: 05.10.2024** **BROADCAST: 18:40 hrs**

- **Bhandari Jayanti**

राज्यवासीले पूर्व मुख्यमन्त्री स्वर्गीय नरबहादुर भण्डारीलाई आज उहाँको चौरासीयौं जन्म जयन्तीमा श्रद्धाञ्जली अर्पण गरे। यस अवसरमा गान्तोकस्थित सम्मान भवनमा आयोजित एउटा विशेष कार्यक्रममा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको विशेष उपस्थिति रहेको थियो। मुख्यमन्त्रीको साथमा लोकसभा सांसद डाक्टर इन्द्रहाङ सुब्बा, सिक्किम विधानसभा उपाध्यक्ष श्रीमती राजकुमारी थापा, मन्त्रीगण, सल्लाहकारगण, मेयर, उपमेयर, पार्षदगण आदि हुनुहुन्थ्यो।

कार्यक्रमको शुरूमा मुख्यमन्त्रीसहित आमन्त्रीत अतिथिगणले स्वर्गीय भण्डारीको प्रतिमामा खदा र पुष्पार्पण गरेर श्रद्धाञ्जली अर्पण गर्नुभयो।

यस अवसरमा नरबहादुर भण्डारी सरकारी महाविद्यालयकी Associate Professor डाक्टर गिता निरौलाले स्वर्गीय भण्डारीको जीवनीमाथि संक्षिप्त जानकारी प्रस्तुत गर्नुभयो।

राज्यको परिदृष्यलाई रुपान्तरण गर्ने आधुनिक सिक्किमका वास्तुकारको रूपमा जानिएका स्वर्गीय नरबहादुर भण्डारीलाई उपस्थित सबैले श्रद्धाञ्जली अर्पण गरेछ।

राज्यका अन्य भागमा पनि उहाँको जन्म जयन्ती पालन गरियो।

यस अवसरमा राज्यपाल श्री ओमप्रकाश माथुरले पनि पूर्व मुख्यमन्त्री स्वर्गीय नरबहादुर भण्डारीको सम्झना गर्दै उहाँप्रति श्रद्धाञ्जली अर्पण गर्नुभएको छ।

---------------------------------------X---------------------------------------

- **Soreng Bhandari Jayanti**

यता सोरेङ जिल्लाको मालबाँसेस्थित उहाँको जन्मथलोमा पनि नेपाली भाषा संग्रामका प्रणेता स्वर्गीय भण्डारीलाई श्रद्धाञ्जली अर्पण गरियो। उहाँको जन्म जयन्तिको अवसरमा गत दुई अक्टोबरदेखि शुरू भएको चार दीवसीय कार्यक्रमको आज समापन भयो, जस अवसरमा शिक्षा विभागका प्रधान मुख्य अभियन्ता एवं सचिव श्री AB सुब्बा मुख्य अतिथि हुनुहुन्थ्यो।

---------------------------------------X---------------------------------------

- **CM With State Council on AIDS**

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले सम्मान भवनमा आयोजित AIDS-माथि राज्य परिषदको पहिलो बैठकको अध्यक्षता गर्नुभयो, जस अवसरमा HIV/AIDS विरूद्ध राज्यमा चलिरहेको लड़ाईको समिक्षा गर्नका साथै यसलाई दहिलो बनाउने उद्देश्यका साथ प्रमुख हितधारकहरू उपस्थिति रहे। उच्च स्तरीय बैठक हाम्रो प्रयासमा गति ल्याउन र संक्रमणप्रति हाम्रो प्रतिक्रियाको महत्त्वपूर्ण दुरीलाई कुम गर्नमा केन्द्रित थियो।
यस अवसरमा श्री तामाङले राज्यको स्वास्थ्य हेरचाह, पूर्वाधारलाई सुदृढ गर्न, HIV रोकथाम, उपचार र सहयोगी सेवाहरूमा समान पहुँच सुनिश्चित गर्नमा रहेको सरकारको प्रतिबद्धतालाई दोहोऱ्याउनुभयो। उहाँले जोड़ दिँदै भन्नुभयो, स्वास्थ्यको क्षेत्रमा महत्त्वपूर्ण प्रगति भए तापनि विशेषगरी पछिपरेका र कमजोर समुदायहरूमा कलंक हटाउन व्यापक जागरूकता अभियानको आवश्यकता छ।
मुख्यमन्त्रीले परिषद र नागरिक समाजका वरिष्ठ सदस्यहरूको विचारलाई स्वागत गर्नुभयो, जसले अन्तर-एजेन्सी समन्वयमा सुधार ल्याउन र सामुदायिक पहुँच पहल विस्तार गर्ने उद्देश्यले आफ्ना विचार प्रस्तुत गरे। यस प्रयासले समावेशीतालाई प्राथमिकता दिनका साथै HIV/AIDS विरुद्ध सामूहिक लडाइमा समाजको कुनै पनि वर्ग पछि नपरोस भन्ने कुराको सुनिश्चित गर्नेछ।

---------------------------------------X---------------------------------------

- **PM Khadi India**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज खादीको बिक्रीको नयाँ रिकर्डलाई एउटा उत्साहजनक उपलब्धी बताउनुभयो। उहाँले एउटा सोशल मिडिया पोस्टमा देशवासीहरूबीच स्वदेशी प्रति द्रुत गतिमा बड्दो प्रचलनको उल्लेख गर्नुभयो। खादी इण्डियाले रिकर्ड बिक्री हासिल गरेको छ। गान्धी जयन्तीको अवसरमा नयाँ दिल्लीको खादी भवनमा केवल एक दिनमा दुई करोड़ एक लाख सैंतीस हजार रूपियाँको उत्पाद बिक्री गरियो।

---------------------------------------X---------------------------------------

- **VP Northeast**

उपराष्ट्रपति श्री जगदीप धनखडले आज भन्नुभयो, पूर्वोत्तार क्षेत्र देशको हृदय र आत्मा हो। नयाँ दिल्लीतमा एउटा कार्यक्रमलाई सम्बोधन गर्दै श्री धनखडले भन्नुभयो, पूर्वोत्तार एउटा भौगोलिक क्षेत्रमात्र नभएर संस्कृति, परम्परा र प्राकृतिक सुन्दरताको एउटा जीवन्त चित्र हो, जसले भारतको मूल तत्वलाई दर्शाउँदछ। उपराष्ट्रपतिले यस क्षेत्रको समृद्ध आध्यात्मिक र प्राकृतिक सम्पदाको उल्लेख गर्नुभयो। उहाँले यहाँको जीवन्त संस्कृति, विशिष्ट खान-पान र पूर्वोत्तरवासीको ऊर्जाको सराहना गर्नुभयो।

---------------------------------------X---------------------------------------

- **BBBP Awareness**

पाकिम जिल्लाको लिङ्केस्थित एउटा विद्यालयमा बेटी बचाओ, बेटी पड़ाओ पहलअन्तर्गत सचेतनामूलक कार्यक्रमसहित अन्तरराष्ट्रिय बालिका दिवस पालन गरियो।

कार्यक्रममा उपस्थित सामाजिक कल्याण विभागकी उपनिदेशक एवं सामाजिक कल्याण अधिकारी श्रीमती डिकित लेप्चाले बालिकाहरूलाई सशक्त बनाउनुको महत्त्व, उनीहरूको मौलिक अधिकार, सुरक्षा र लैङ्गिक मतभेदको मामिलाको बारेमा बताउनुभयो। उहाँले बेटी बचाओ पेटी पड़ाओमाथि सचेतना बड़ाउनेबारे शपथ पनि दिलाउनुभयो।

यसका साथै, जिल्ला बाल हेल्पलाइन एकाईकी परियोजना समन्वयक सुश्री नुजोङमित लेप्चाले विद्यार्थीहरूलाई राम्रो र नराम्रो स्पर्षको बारेमा अवगत गराउनुभयो। उहाँले बाल हेल्पलाइन नम्बर 1098-को पनि जानकारी गराउनुभयो, जुन toll-free हुनका साथै बालबालिकाको सुरक्षाका निम्ति सातै दिन अनि चौबीसै घण्टा उपलब्ध छ।

कन्याहरूको भविष्यका निम्ति दृष्टिकोण अर्थात Girls Vision for the Future विषयका साथ दुई तारिकदेखि शुरू भएको दश दिवसीय कार्यक्रम आज गान्तोकमा पनि पालन गरियो। यसै महिनाको एघार तारिसम्म चल्ने यो कार्यक्रम गान्तोकका निम्ति देउरालीस्थित जिल्ला हबमा आयोजन गरिएको थियो।

---------------------------------------X---------------------------------------

- **Sports**

ब्याडमिन्टन संगठन पाकिमले आयोजना गरेको दुई दिवसीय अन्तर जिल्ला ब्याडमिन्टन प्रतियोगिता आजदेखि शुरू भयो। आफ्नो स्थापनापछि संगठनले पहिलोपल्ट आयोजन गरेको यो प्रतियोगिता पाकिमस्थित जिमनाजियम हलमा भइरहेछ।
युवाहरूलाई स्वस्थ्य र निरोग रहन प्रोत्साहित गर्नका साथै कुलतबाट टाड़ो राख्ने उद्देश्यले आयोजित प्रतियोगितामा एक सय नब्बेजनाले सहभागिता जनाइरहेछन्।

---------------------------------------X---------------------------------------